नेपाल सरकार

भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय

भूमि व्यवस्थापन तथा अभिलेख विभाग

# मालपोत कार्यालय

सम्पर्क नं.०७९५२०२११

९८५७०७६२११ र ९८५७०६४७८८

email: gulmi@dolma.gov.np

malpotkaryalayagulmi@gmail.com

facebook.com/alpotkaryalaya gulmi


प.सं.च.नं. २०७९/०८०-

मितिः- २०८०/०२/२१

## सार्वजनिक सूचना ।

भू-उपयोग नियमावली २०७९ मा भएको व्यवस्था बमोजिम जग्गाको १० किसिममा बर्गीकरण गरी जग्गाधनीको लालपुर्जा संसोधन तथा कित्ताकाट हुने कानूनी व्यवस्था कार्यान्वयन हुने निर्णय बमोजिम, छत्रकोट गाउँपालिका, गाउँकार्यापालिकाको कार्यालय, चोयगा गुल्मीको च.नं. ११९५ मितिः २०८०/०२/२१ गतेको पत्रमा सोही गाउँपालिकाको स्थानीय राजपत्रमा **( खण्ड ७ संख्या १ र २ भाग २ मितिः २०८०/०२/०३ गते छत्रकोट गाउँपालिकाको भू-उपयोग क्षेत्र बर्गीकरण सम्बन्धी मापदण्ड, २०८० र छत्रकोट गाउँपालिकाको भू-उपयोग क्षेत्र बर्गीकरण संम्बन्धी कार्यविधि, २०८०)** प्रकाशन भई भू-उपयोग क्षेत्र बर्गीकरण सम्बन्धी मापदण्ड, भू-उपयोग क्षेत्र बर्गीकरण सम्बन्धी कार्यविधी- २०८०, भू-उपयोग नक्सा तथा प्रत्येक वडाको बर्गीकरण बमोजिम कित्तागत विवरण प्राप्त भएको हुनाले उल्लेखित गाउँपालिकाका वडामा बसोबास गर्ने जग्गाधनीले कित्तागत विवरण र बर्गीकरण स्पष्ट रुपमा खुल्ने गरी सिफारिस सहित यस कार्यालयमा तोकिएको समयमा, आवश्यक तपसिल बमोजिमका कागजातहरु सहित जग्गाधनि स्वयं उपस्थित भएमा जग्गाधनीको पूर्जा संसोधन हुने व्यहोरा अनुरोध छ । साथै भू-उपयोग नियमावली २०७९, मा भएको व्यवस्था बमोजिम तोकिएको क्षेत्रफल नघटने गरी कित्ताकाट हुने व्यहोरा सम्बन्धित सवैमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल

आवश्यक कागजातहरुः-

१. सक्कल जग्गाधनि प्रमाण पुर्जा ।

२. नेपाली नागरिकताको सक्कल प्रमाणपत्र ।

३. सम्बन्धित वडा कार्यालयको क्षेत्र वर्गीकरण ( कुन क्षेत्र/बर्गमा पर्ने ) प्रष्ट उल्लेख भएको फोटो टाँस सहित सिफारिसको सक्कल पत्र ।

४. जग्गाधनि दर्ता प्रमाण पुर्जामा ना.प्र.प.नं. कायम नभएको तथा फोटो टाँस नभएको खण्डमा ना.प्र.प.नं. कायम तथा फोटो टाँस गरिदिनु हुन भन्ने व्यहोराको फोटो टाँस सहितको वडा कार्यालयको सिफारिस सक्कल पत्र ।

५. तिरो तिरेको रसिदको प्रमाणित प्रतिलिपी ।

६. जग्गाधनिको फोटो- २ प्रति ।

७. जग्गाधनिको संसोधन गरि पाउँ भन्ने व्यहोराको सक्कल निवेदन ।

छत्रकोट गाउँपालिका

दर्ता नं.:- ६६०

मिति:- २०८०/०२/२२

खेत बहादुर खत्री

मालपोत अधिकृत

खेत बहादुर खत्री

मालपोत अधिकृत

व्यवसायिक र सिर्जनशील प्रशासनःविकास,समृद्धि र सुशासन